# Breaking the Barriers: Safeguarding the Rights of Girl Infants

*Policy Brief 22, October 2016*

## *अर्को बच्चा छोरा नै हुनुपर्छ :* गर्भावस्थामा चाहेको लिङ्गको बच्चा जन्माउन महिलाहरुमाथि हुने गरेको दवाबको खोज ।

## *The Next Child has to be a Son:* Exploring the extent of pressure women face during pregnancy to ensure the birth of a child of desired sex

> *"छोरा पाए चिट्ठा, फेरि-फेरि गर्भवती नै हुनु पर्दैन"*
> *-२७ वर्षीय महिला, हाल ८ महिनाको पहिलो गर्भ, चितवन*

### पृष्ठभूमि

नेपालले जाति, धर्म, आर्थिक अवस्था तथा लैङ्गिक आधारमा छोरा र छोरी बिच समान अधिकारको प्रत्याभुति गर्न विभिन्न अन्तराष्ट्रिय प्रतिबद्धताहरु जस्तै महिला विरुद्ध हुने भेदभाव उन्मुलन महासन्धि तथा बालबालिको अधिकार सम्बन्धि महासन्धिहरुमा हस्ताक्षर गरिसकेको छ । नेपालको संविधान २०७२ ले पनि छोरा र छोरी बिचको समान अधिकारलाई सुनिश्चित गरेको छ । सन् २००२ मा नेपालमा गर्भपतनले कानुनी मान्यता प्राप्त गरेको कानुनी व्यवस्थाले गर्भपतन गर्ने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गर्न तथा गराउन र त्यसको आधारमा गर्भपतन गराउनलाई पुर्ण रुपमा बन्देज लगाएको छ । नेपालको बालबालिका सम्बन्धि ऐन (१९९२) र त्यस अन्तर्गतको विनियमहरु (१९९५) ले छोरा र छोरी बिचमा कुनै पनि किसिमको भेदभावलाई अस्विकार गरेको छ, तर यि सवैंधानिक तथा कानुनी व्यवस्था तथा अन्तराष्ट्रिय प्रतिबद्धताका बावजुद नेपाली समाजमा गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान गरि गर्भपतन गर्ने र नवजात छोरीमाथि हुने भेदभाव कायम नै रहेको छ ।

यो परियोजनाको लक्ष्य नागरिक समाजको क्षमता अभिवृद्धि, सहकार्य तथा समुदायस्तरमा विभिन्न कार्यक्रमहरु संचालन गरि नेपालमा शिशु बालिकाहरुमाथि हुने निकृष्ट प्रकृतिको भेदभावपूर्ण व्यवहार र भ्रुणको लिङ्गको पहिचान गरि छोरी भएमा गर्भपतन गर्ने कार्यलाई न्युनिकरण गर्नु रहेको छ ।

यो सहकार्य अन्तर्गत हाल विद्यमान शिशु बालिकाहरुमाथि हुने भेदभावपूर्ण मुल्य मान्यता तथा व्यवहारहरुको बारेमा अध्ययन अनुसन्धान गरि त्यसको आधारमा कार्यक्रमको रणनिति र व्यवहार तथा धारणा परिवर्तनका सूचकहरु निर्माण गर्ने दायित्व कृपाको रहेको छ ।

यस अध्ययनले पहिलो पटक नेपालमा महिला गर्भवती भएकै अवस्थामा आफुले चाहे अनुसारको लिङ्गको बच्चा जन्मियोस् (विशेष गरि छोरा) भन्नका लागि के कस्ता सामाजिक मुल्य मान्यता तथा व्यवहारहरु अपनाउने गर्दछन् भन्ने बारेमा खोज गरि विश्लेषण गरेको छ । छोरा र छोरीको बिचमा हुने विभेदका कारण अपनाइएका यस्ता सामाजिक मुल्य र मान्यताहरुले ति महिला र शिशु बालिकाहरुको जीवन र विकासमा कस्तो प्रभाव पार्दछ भन्ने बारेमा पनि यसले गहन रुपमा अध्ययन गरेको थियो । यो एउटा विशेष प्रकृतिको अध्ययनमा आधारित छ, जसले गर्भवती महिलाहरुलाई विभिन्न चरणहरुमा स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गर्न आउँदा विशेष अन्तरवार्ता गरेर सम्पन्न गरिएको थियो ।

### अध्ययनको उद्देश्य

यो अध्ययनको मुख्य उद्देश्य गर्भावस्था सुत्केरी तथा सुत्केरी पश्चात अवस्थाको समयमा अवलम्बन गरिने लैङ्गिक विभेदमुलक धारणा, मुल्य मान्यताको कारणबाट आमा र शिशु बालिकाहरुको स्वास्थ्य तथा वृद्वि विकासमा परेको प्रभाव र नकारात्मक असरहरुको बारेमा खोजी गर्नु रहेको थियो ।

यो संक्षिप्त नीतिगत आधारपत्र (Policy Brief) European Commission को आर्थिक सहयोगमा *"Breaking the Barriers: Safeguarding the Rights of Girl Infants"(2015-2018)* नामक एक परियोजना अन्तर्गत कृपा द्वारा गरिएको एउटा *Panel Survey* मा आधारित छ । यस परियोजना Child Worker in Nepal (CWIN) को नेतृत्वमा CREHPA, International Child Development Initiatives (ICDI) र World Vision Advocacy Forum (WVAF) को सहकार्यमा संञ्चानलन भएको हो ।

European Commission

कृपा CREHPA

यस Policy Brief ले विशेषत् अनुसन्धानका निम्न मुख्य प्रश्नहरुलाई सम्बोधन गरेको छ :

- महिलाहरुलाई इच्छाएको छोरा वा छोरी जन्माउनको लागि कुन हदसम्म दवाब दिने गर्दछन् र गर्भावस्थाको समयमा उनका परिवारका सदस्यहरुले इच्छाएको छोरा वा छोरी जन्माउने सुनिश्चितताका लागि के कस्ता उपायहरु (परम्परागत/धार्मिक र खानपान सम्बन्धि) अवलम्वन गर्ने गर्दछन्?

- महिलाहरु गर्भवती हुँदा भ्रुणको लिङ्ग निर्धारण गर्नको लागि प्रयोग गरिने प्रविधि (भिडियो एक्स-रे) को बारेमा सचेत हुनुका साथै हालको गर्भको भ्रुणको लिङ्ग निर्धारण गर्नको निम्ति उक्त विधिको प्रयोग गरेका छन् ?

## अध्ययन विधि

यो अध्ययन नेपालका ६ वटा जिल्लाहरु (कञ्चनपुर, सुर्खेत, रुपन्देही, कास्की, भक्तपुर र चितवन) मा गरिएको थियो, जुन *"Breaking the Barriers: Safeguarding the Rights of Girl Infants"* नामक परियोजनाको कार्य क्षेत्र हो । जसमा longitudinal study design प्रयोग गरि ६ वटा जिल्लाहरुमा अवस्थित १० वटा सरकारी स्वास्थ्य संस्थाहरु (३ अस्पताल, ३ प्राथमिक स्वास्थ्य केन्द्र र ४ स्वास्थ्य चौकी) मा नियमित गर्भवती जाँचका लागि आउने चार देखि छ महिना बिचको गर्भवती महिलाहरुसँग पहिलो चरणको अन्तरवार्ता शुरु गरिएको थियो । यसको तीन महिनापछि सोही उत्तरदाता (८-९ महिनाको गर्भावस्था) सँग दोस्रो चरणको अन्तरवार्ता गरिएको थियो । त्यस पश्चात सुत्केरी भएको एक हप्तापछि तेस्रो चरणको र सुत्केरी भएको छ हप्ता पछि चौथो चरणको अन्तरवार्ता गरिएको थियो ।

यस अध्ययनमा सुविधायुक्त नमुना छनौट विधिद्वारा नियमित गर्भ जाँच गर्न आउने ३६० जना गर्भवती महिलाहरुलाई पहिलो चरणमा सहभागिताको लागि सुसूचित सहमति फाराम भरि अन्तर्वाता गरिएको थियौं । यी गर्भवती महिलाहरुमध्ये १६१ जनाको यो भन्दा अगाडि सन्तान नै नभएको, ११५ जनाको एउटा मात्र सन्तान भएको र बाँकी ८४ जना महिलाहरुको दुई वा सोभन्दा बढी सन्तानहरु थिए । यो अध्ययनका लागि ४-६ महिनाको गर्भ अवधि भएका र अध्ययनमा सहभागी हुन ईच्छुक महिलाहरुलाई मात्र छनौट गरिएको थियो ।

दोस्रो चरणमा ३४९ जना महिलाहरु (८-९ महिनाको गर्भावस्था) सँग अन्तरवार्ता गरिएको थियो र बाँकी ११ जना महिलाहरुलाई विभिन्न कारणवश (नवजात शिशुको मृत्यु, गर्भ खेर गएको, मरेको बच्चा जन्मेको, सम्पर्क बिहिन भएको) समावेश गर्न सकिएको थिएन । सम्पूर्ण अन्तरवार्ताहरु तालिम प्राप्त महिला अनुसन्धानकर्ताहरुद्वारा संरचित प्रश्नावलीहरुको प्रयोग गरि सम्पन्न गरिएको थियो ।

**चार्ट १: अन्तरवार्ताको चरणहरु**




महिलाको हालको गर्भको चाहनाको बारेमा जानकारी पाउनको लागि उनीहरुले यसभन्दा अघिको सन्तानको संख्या, शिक्षाको स्तर, अघिल्लो सन्तानहरुको लिङ्गको प्रकृति जस्ता तीन प्रकारका अवस्थाहरुले के कस्ता प्रभाव पारेका हुन्छ भनेर गहन रुपमा बुझ्न तथ्याङ्गत विश्लेषण (Chi-square tests and Fisher Exact tests) गरिएको थियो ।

यस अध्ययनलाई नेपाल स्वास्थ्य अनुसधान परिषद् काठमाण्डौले समिक्षा गरि अध्ययन गर्नका लागि स्विकृति प्रदान गरेको थियो । यस अध्ययनमा सहभागी सबै पक्षहरु (गर्भवती महिला र स्वास्थ्य सेवा प्रदायक) संग लिखित सुसूचित सहमति फाराम भरि अनुसन्धान शुरु गरिएको थियो, जसमा गर्भवती महिलाहरुलाई अनुसन्धानको उद्देश्य, अनुसन्धानको प्रकृति र अनुसन्धानका सहभागीहरुको अधिकारको बारेमा पुर्ण रुपमा जानकारी दिइएको थियो ।

# KEY RESULTS

## हालको गर्भ प्रतिको लैङ्गिक प्राथमिकता

पहिलो चरणमा समावेश गरिएका सम्पुर्ण (३६० जना) गर्भवती महिलाहरुलाई हालको गर्भ छोरा वा छोरी के होस् भन्ने चाहनुहुन्छ भनि सोध्दा ३ मध्ये १ जना (३६%) ले छोराको चाहना राखेको थियो भने ६ मध्ये १ जना (१८%) ले छोरीको चाहना राखेको र करिव आधा जसो महिलाहरु (४६%) ले जे भएपनि (छोरा/छोरी) हुने बताएका थिए । त्यसैगरी, गर्भवती महिलाहरुको श्रीमान्को चाहना पनि करिव उस्तै उस्तै भएको पाइयो । एक तिहाइ महिला (३१%) ले उनीहरुको श्रीमान्ले छोरा चाहेको, १६% ले छोरी चाहेको र आधाभन्दा बढी (५१%) ले छोरा वा छोरी जे भएपनि हुने बताएका थिए ।

### चार्ट २: उत्तरदाताहरुमा हालको गर्भमा रहेको भ्रुणको लिङ्ग प्रतिको प्राथमिकता




हालका गर्भवती महिलाहरुमा उनीहरुको पहिलेको गर्भबाट जन्मिएका जिवित छोराछोरीको संख्याको आधारमा उनीहरुको हालैको गर्भबाट भ्रुणको लिङ्गको प्राथमिकतालाई विश्लेषण गरेर हेर्दा, हालसम्म कुनै एकपनि सन्तान नभएका महिलाहरु मध्ये ६८% ले छोरा वा छोरी नै हुनुपर्छ भन्ने प्राथमिकता नराखेको पाइएको थियो । जसमध्ये २१% ले छोरा, ११% ले छोरीको चाहना रहेको बताएका थिए । साथै दुई वा सो भन्दा बढी छोरा/छोरीहरु भइसकेका महिलाहरुमध्ये ६८% मा भने छोरा प्रतिको बढ्दो चाहना रहेको देखिएको थियो । समग्रमा भन्नुपर्दा जब दम्पतिहरु बच्चा पाउन शुरु गर्छन् त्यसपछि मात्र लैङ्गिक संरचनाबारे चासो राख्ने गरेको पाईयो ।

"पहिलो सन्तान छोरा छोरी जे भए पनि फरक नपर्ने ।"

### तालिका १: जन्मक्रमको आधारमा हालको गर्भबाट छोरा वा छोरी प्रतिको प्राथमिकताको प्रतिशत

| क्र. स. | जन्मक्रम | छोराको प्राथमिकता | छोरीको प्राथमिकता | जे भएपनि |
|---|---|---|---|---|
| १ | सन्तान नै नभएको (n=१९३) | २१.०*** | ११.० | ६८.०*** |
| २ | एउटा मात्र सन्तान भएको (n=११७) | ४६.०*** | ३३.०* | २१.० |
| ३ | दुई वा सो भन्दा बढी सन्तान भएको (n=५०) | ६८.० | १२.०* | २०.०*** |

****P<0.001, *P<0.05*

## हालको गर्भबाट चाहेको भ्रुणको लिङ्गको लागि जिवित बच्चाहरुको लैङ्गिक संरचनाको प्रभाव

हालको गर्भबाट दुई वा सो भन्दा बढी छोरीहरु भएका महिलाहरु (८९%), छोरा नै नभएको महिलाहरु (८४%) र एउटा मात्र छोरी भएको महिलाहरु (७३%) मा छोराको चाहना उच्च भएको पाइयो । त्यस्तै दुई वा सो भन्दा बढी छोराहरु भएको महिलाहरु (८३%) र छोरी नै नभएको महिलाहरु (७१%) मा छोरीको चाहना बढी भएको पाइयो । एउटा छोरा र एउटी छोरी मात्र भएको महिलाहरु (६३%) ले हालको गर्भको भ्रुणको लिङ्गलाई प्राथमिकता नदिएको पाइयो ।

"दुई वा सोभन्दा बढी छोरीहरु भएको महिलाहरुमा छोराको प्राथमिकता उच्च रहेको ।"

### तालिका २: जिवित सन्तानको संख्या र लैङ्गिक संरचनाको आधरमा हालको गर्भको लैङ्गिक प्राथमिकता

| क्र. स. | बच्चाको लैङ्गिक संरचना | छोरा | छोरी | जे भएपनि | जम्मा संख्या |
|---|---|---|---|---|---|
| १ | छोरा नभएको | ८४.०* | १.० | १५.० | ९६ |
| २ | छोरी नभएको | ५.० | ७१.०* | २४.० | ५९ |
| ३ | एउटा मात्र छोरा | ११ .० | ५८.०* | ३१.० | ६५ |
| ४ | एउटा मात्र छोरी | ७३.०* | ३.० | २५.० | ७२ |
| ५ | दुई वा सो भन्दा बढी छोराहरु | ० | ८३.०* | १७ .० | ६ |
| ६ | दुई वा सो भन्दा बढी छोरीहरु | ८९.०* | ० | ११.० | ३६ |
| ७ | एउटा छोरा र एउटा छोरी | २५.० | १२.० | ६३.० | ८ |
| ८ | कम्तीमा एउटा छोरा वा एउटा छोरी भएको | ३३.० | ८.० | ५९.० | १२ |

**P<0.05*

## महिलाको शिक्षा र छोराको प्राथमिकता

औपचारिक शिक्षा नभएका महिलाहरु (५५%) र प्राथमिक शिक्षा हाँसिल गरेका महिलाहरु (४१%) मा छोराको चाहना उच्च रहेको पाइएको छ भने उच्च शिक्षा हाँसिल गरेका महिलाहरु (२७%) मा हालको गर्भप्रति छोराको चाहना कम भएको पाइयो ।

"शैक्षिक स्तर उच्च हुने महिलाहरुमा छोरा प्रतिको चाहना कम हुने ।"

### तालिका ३: महिलाको शिक्षाको आधारमा छोराको प्राथमिकता

| आमाको शिक्षा र छोराको प्राथमिकता | प्रतिशत | जम्मा संख्या |
|---|---|---|
| विद्यालय शिक्षा नभएको*** | ५५.० | ४२ |
| प्राथमिक तह*** | ४१.० | ५८ |
| माध्यमिक तह* | ३४.० | १४९ |
| माध्यमिक तह भन्दा माथि | २७.० | १०० |

****P<0.001, *P<0.05*

जात/जातियताको आधारमा हेर्दा, अधिकांश ब्राह्मण, क्षेत्री महिलाहरु (३९%), पहाडी जनजाति (२१%) र पहाडी दलित महिलाहरु (१२%) मा छोराको चाहना उच्च रहेको पाइयो ।

१६-२४ हप्ताका गर्भ भएका महिलाहरु मध्ये आधा जतिले डाक्टरको सल्लाह बमोजिम अल्ट्रासाउण्ड गराएको पाइएको छ । भ्रुणको लिङ्ग पहिचान गर्नु गैर कानुनी भए तापनि १७ प्रतिशत महिलाहरुलाई अलल्ट्रासाउण्ड सेवा प्रदायकले भ्रुणको लिङ्गको बारेमा बताएको पाईयो ।

महिलाको श्रीमान्को शैक्षिक स्तर, हालको जिवित बच्चाको संख्या र भ्रुणको लिङ्ग पहिचान गर्न सहज प्रविधिको पहूँच (जस्तैः अल्ट्रासाउण्ड) आदिले हाल रहेको गर्भबाट निश्चित लिङ्गको सन्तान होस् भन्ने चाहनाको बीचमा कुनै पनि सम्बन्ध नहुने अध्ययनले देखाएको छ । यो बीचको सम्बन्ध हेर्नका लागि तथ्याङ्कगत विश्लेषण (Chi-square tests र Fisher Exact tests) गरिएको थियो ।

## हालको गर्भबाट छोरा वा छोरी जन्माउनको लागि गरिने परम्परागत प्रचलनहरु

गर्भावस्थाको समयमा केही साँस्कृतिक मान्यता, रितिरिवाज र खानपानको कारणले पनि आफुले चाहेको लिङ्गको बच्चा जन्मिन्छ भन्ने धारणा अन्तरवार्तामा सहभागी भएका महिलाहरुमा पाईएको थियो । अध्ययनमा सहभागी भएका महिलाहरु मध्ये ३० जना (९%) ले कुनै निश्चित लिङ्गको बच्चा जन्माउनको लागि भाकल राखेको (देवताको नाममा जनावरको बलि दिने) पाईएको थियो । जसमध्ये २५ जना ( ८६%) ले छोरा नै जन्मियोस् भनि भाकल राखेका थिए । यस बाहेक ५ जना महिलाले विशेष पुजा गरेको र ३ जनाले धार्मिक गुरुकोमा आर्शिवाद लिन गएको पाइयो ।

## निष्कर्ष र छलफल

पहिलो पटक गर्भवती हुने अधिकांश महिलाहरुमा लैङ्गिक प्राथमिकता नरहेको पाइयो । एउटा सन्तान भईसकेका महिलाहरुले भने छोरालाई प्राथमिकता दिने गरेको पाइयो । तुलनात्मक रुपमा पहिलेको गर्भबाट एक वा सो भन्दा बढी छोरीहरु भएको तर छोरा नभएको महिलाहरुलाई छोरा जन्माउनको लागि धेरै दवाब पर्ने गरेको पाइयो । यो अध्ययनबाट स्पष्ट रुपमा छोरा जन्माउनको लागि निश्चित धार्मिक, साँस्कृतिक प्रचलनलाई अपनाउने गरेको पनि पाइयो ।

एउटा मात्र छोरा भएको, दुई वा सो भन्दा बढी छोराहरु भएको अथवा छोरी नै नभएको महिलाहरुमा भने छोरीको चाहना बढी रहेको पाइयो । लैङ्गिक छनौट, चाहेको लिङ्गको बच्चा र परिवार नियोजन साधनको प्रयोग सम्बन्धि केहि सिमित अध्ययनले छोरालाई प्राथमिकता दिने प्रचलन तुलनात्मक रुपमा अन्य देशहरु भन्दा नेपालमा बढी देखाएको छ (CREHPA,2007; Puri, M and Tamang, A., 2015) । यी अध्ययनहरुले छोरा जन्माउनको लागि दिईने दवाबले गर्दा महिलाहरुमा छोटो समयमा धेरै गर्भ रहने, परिवार नियोजन साधनको प्रयोग नगर्ने, भ्रुणको लिङ्ग पहिचानको लागि परिक्षण गराउने, गर्भपतन गराउने र उनीहरुलाई शारिरीक र मानसिक यातना दिने साथै छोरीहरुमाथि अपहेलना हुने देखाएको छ ।

हाम्रो समाजमा जबसम्म नीति निर्माता, स्वास्थ्य सेवा प्रदायक, स्थानिय निकाय र नागरीक समाज समुदायहरु स्वयंबाट नै महिलामाथि हुने हिंसा, भ्रुणको लिङ्ग छनौट, बालिकाको अधिकारको सुनिश्चितताका लागि संगठित एंव प्रभावकारी प्रयासको पहल र सामजिक तथा आर्थिक रुपान्तरणका कामहरु जस्तैः conditional cash transfer scheme हरुलाई बढावा दिई समाजमा जन्मिने हरेक शिशु बालिकाहरु उत्तिकै महत्वपुर्ण छन् भन्ने धारणाको विकास गरिंदैन तबसम्म भ्रुणको लिङ्ग पहिचान गरी नवजात शिशु बालिकाहरुमाथि गरिने भेदभाव अन्त्य गर्न सकिंदैन (Nanda et.al.,2012; Puri,M.et.al,2010)।

---


## कृतज्ञता

अध्ययनका लागि आर्थिक सहयोग पुऱ्याउने European Commission, यो परियोजनामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने CWIN र अध्ययनको विभिन्न चरणमा सहयोग पुऱ्याउनु हुने ICDI र WVAF प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं । यस अध्ययनलाई नीतिगत रुपमा स्विकृति (Ethical approval) प्रदान गरेकोमा नेपाल स्वास्थ्य अनुसधान परिषद् प्रति आभारी छौ । यसका साथै यो अध्ययन सञ्चालन गर्न अनुमति प्रदान गरिदिएकोमा परिवार स्वास्थ्य महाशाखा र सम्बन्धित जिल्ला जनस्वास्थ्य कार्यालय प्रति धन्यवाद व्यक्त गर्दछौं । यसरी नै यस अध्ययनमा संलग्न विभिन्न स्वास्थ्य संस्थाहरु तथा विभिन्न चरणमा अर्न्तवार्ताका लागि स्विकृत प्रदान गर्ने सहभागी महिलाहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।


## References


CREHPA (2007). Sex selection; Pervasiveness and Preparedness in Nepal. Center for Research on Environment Health and Population Activities; Kathmandu Nepal.

Nanda P, Gautam A, Verma R, Hong KT, Puri M, Linh TG, Tamang J, and Lamichhane P (2012). Study on Gender, Masculinity and son preference in Nepal and Vietnam. New Delhi, International Center for Research on Women: Available from http://www.unfpa.org/webdav/site/vietam/shared/maculinity_Report_Nepal_vietNam_ENG.pdf

Puri, M. and Tamang A., (2015). Understanding factors influencing adverse sex ratio at birth and exploring what works to achieve balance: The situation in selected districts of Nepal. Kathmandu Nepal: CREHPA. Available from. http://www.popcouncil.org/uploads/pdfs/2015PGY_SexselectionNepalReports.pdf

Puri, M Shah, I and Tamang, J (2010). Exploring the nature and reasons associated with sexual violence within marriage among young women in Nepal. Journals, of interpersonal Violence, 25(10):1873-92.



For more information contact: **Center for Research on Environment Health and Population Activities (CREHPA),** Kusunti-13, Lalitpur, Phone: 5193017, 5193087, Email: crehpa@crehpa.org.np, Web site: www.crehpa.org.np